नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

सिंहदरबार

**बंगलादेशका विभिन्न मेडिकल कलेजहरूमा अध्ययनरत विद्यार्थीहरूको इन्टर्नसिप सम्बन्धी सूचना ।**

मित्रराष्ट्र बंगलादेशस्थित विभिन्न शिक्षण संस्थामा चिकित्सा शिक्षाको एमबीबीएस, बीडीएस शैक्षिक कार्यक्रममा अध्ययनरत नेपाली विद्यार्थीहरू बंगलादेशमा सुरक्षाको असहज अवस्थाका कारण स्वदेश फर्किएको र निजहरूले आफ्नो बाँकी रहेको अवधिको इन्टर्नसिप कार्यक्रम नेपालमा नै पूरा गराउन सकिने, नसकिने सम्बन्धमा परराष्ट्र मन्त्रालयसमक्ष लेखी पठाइएकोमा ढाकास्थित नेपाली राजदूतावास मार्फत बंगलादेश सरकारको सम्बन्धित निकायमा समन्वय हुँदा बंगलादेशका विभिन्न मेडिकल कलेजहरूमा अध्ययनरत विद्यार्थीहरूले सोही कलेजले तोकेका मेडिकल कलेजमा नै आफ्नो इन्टर्नसिप पूरा गर्नुपर्ने व्यहोरा उल्लेख गरी परराष्ट्र मन्त्रालयको च.नं. SA/ONE/१८४०, मिति २०८१/०५/१७ को पत्रबाट लेखी आएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ ।

२०८१।५।२६

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

नेपाल सरकार

# परराष्ट्र मन्त्रालय

## दक्षिण एसिया शाखा (एक)

सिंहदरबार, काठमाण्डौ

नेपाल सरकार
परराष्ट्र मन्त्रालय
काठमाडौं

प.सं. :- ०८१/८२

च.नं. :- SA/ONE/१८४०

मिति :- वि.सं. २०८१/०५/१७

ने.स. :- ११४४ गुंलागा ३० सोमबार

<u>विषयः जानकारी सम्बन्धमा ।</u>

श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार।

तहाँको पत्र संख्या ०८१।८२ चलानी नम्बर ७५ मिति २०८१।०५।१२ को प्रतिवेदन कार्यान्वयन सम्बन्धमा पत्र प्राप्त भइ बेहोरा अवगत भयो। सो सम्बन्धमा तहाँको पत्र संख्या ०८१।८२ चलानी नम्बर ५३ मिति २०८१।०४।२७ को पत्रमार्फत अनुरोध गरिए अनुसार यस मन्त्रालयबाट ढाकास्थित नेपाली राजदूतावासमार्फत बङ्गलादेश सरकारको सम्बन्धित निकायमा समन्वय हुँदा बङ्गलादेशका विभिन्न मेडिकल कलेजहरुमा अध्ययनरत विद्यार्थीहरुले सोही कलेजले तोकेका मेडिकल कलेजमै आफ्नो इन्टर्नसिप पूरा गर्नुपर्ने बेहोरा उल्लेख गरी लेखेको बङ्गलादेशको परराष्ट्र मन्त्रालयको नं. १९.००.००००.२२५.६१.००१.२३/४०० मिति २९ अगष्ट २०२४ को कूटनीतिक नोटबाट लेखि आएको बेहोरा जानकारीको लागि निर्देशानुसार अनुरोध छ। सो पत्रको प्रतिलिपि यसैसाथ संलग्न रहेको समेत अनुरोध छ।

श्री प्राविधिक शिक्षा शाखा, प्राप्त जानकारी बङ्गलादेशमा रहनुभएका सम्बन्धित विद्यार्थीहरुलाई दिइएस्
२०८१।५।२६

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Pratik Karki
pratikkarkimofa@gmail.com

(प्रतिक कार्कि)
शाखा अधिकृत

<u>बोधार्थः</u>

श्री स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, रामशाहपथ, काठमाण्डौ।
श्री नेपाली राजदूतावास , ढाका ।

नेपाली राजदूतावास, ढाका
**EMBASSY OF NEPAL, DHAKA**
United Nations Road-02
Baridhara Diplomatic Enclave
Dhaka-1212, Bangladesh

च.न EoND/STU-18/८१-८२/38

मिति: २०८१/०५/१३
२९ अगष्ट २०२४
ने.सं. ११४४

श्री परराष्ट्र मन्त्रालय,
दक्षिण एसिया महाशाखा,
सिंहदरबार, काठमाडौं।

विषय : जानकारी उपलब्ध गराईएको सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा तहाँको च.नं. ११२१ मिति २०८१/०४/३० को पत्रको सम्बन्धमा लेखिदै छ।

बङ्गलादेशका विभिन्न मेडिकल शिक्षण संस्थाहरुमा अध्ययनरत इन्टर्नसिप गरिरहेका नेपाली विद्यार्थीहरुको इन्टर्नसिपको बाँकी अवधिका सम्बन्धमा र नेपालमा नै इन्टर्नसिप कार्यक्रम पुरा गर्न सकिने/नसकिने सम्बन्धमा बङ्गलादेश सरकारको सम्बन्धित निकायमा मिति २०८१/०४/३१ मा पत्राचार गरिएकोमा बङ्गलादेशको परराष्ट्र मन्त्रालयको मिति २९ अगष्ट २०२४ को कूटनीतिक नोट नं. १९.००.००००.२२५.६१.००१.२३/४०० मार्फत जवाफ प्राप्त भएकोले उक्त नोट यसै पत्रसाथ संलग्न गरी तहाँको जानकारी एवं आवश्यक कार्यार्थ पठाइएको बेहोरा निर्देशानुसार अनुरोध छ।

(योजना बम्जन)
द्वितीय सचिव

Tel: (00-880-2) 2222-92568, 2222- 92490, Fax (00-880-2) 8832590, E-mail: condhaka@dhaka.net
Website: bd.nepalembassy.gov.np

পররাষ্ট্র মন্ত্রণালয়
গণপ্রজাতন্ত্রী বাংলাদেশ সরকার
ঢাকা

MINISTRY OF FOREIGN AFFAIRS
GOVERNMENT OF THE
PEOPLE'S REPUBLIC OF BANGLADESH
DHAKA

No. 19.00.0000.225.61.001.23/400

The Ministry of Foreign Affairs of the Government of the People's Republic of Bangladesh presents its compliments to the Embassy of Nepal in Dhaka and with reference to the latter's Note Verbale No. EoND/STU-18/81-82/20, dated 15 August 2024, has the honour to inform that as per the existing rules the Nepali students who were doing their internship at different medical colleges across Bangladesh will have to complete the remaining part of their internship at their respective medical colleges.

The Ministry further has the honor to quote the established policy of the Bangladesh Medical and Dental Council (BM&DC) with regards to internship and registration of medical students for foreign countries, *"After the completion of the MBBS course, medical students will complete their internship at their respective medical colleges. Foreign students, after completing the MBBS course, will complete the internship at their respective medical college and will be registered as a foreign doctor in BM&DC following the existing rules"*. Accordingly, once the Nepali students complete the full tenure of their internship in their respective medical colleges in Bangladesh, they will be provided with their registration.

The Ministry of Foreign Affairs, Government of the People's Republic of Bangladesh avails itself of this opportunity to renew to the Embassy of Nepal in Dhaka the assurances of its highest consideration.

MINISTRY OF FOREIGN AFFAIRS
Dhaka
GOVT. OF BANGLADESH

Dhaka, 29 August 2024

**Embassy of Nepal**
Dhaka